नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## बोलपत्र/दरभाउपत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२/०७/०२)

**यस अस्पतालको लागि आवश्यक निम्न मेशिनरी औजार/उपकरणहरु बोलपत्र/दरभाउपत्र को माध्यमबाट खरीद गर्नुपर्ने भएकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट रित पूर्वकको बोलपत्र /दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यस सम्बन्धी विस्तृत जानकारीको लागि यस अस्पतालको Web site http//www.bharatpurhospital.gov.np मा हेर्न सकिनेछ ।**

**शर्तहरुः**

१) आ.व. २०७१/०७२ का लागि नविकरण भएको इजाजत पत्र दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन दिई यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई TOR download गर्न सकिनेछ । TOR खरीद गर्न सि.नं.१ र १८ सूचना प्रकाशित भएको मितिले ३१ औ दिनभित्र रितपूर्वक रु.३०००।-(तिनहजार रुपैया मात्र) (फिर्ता नहुने गरी) र अन्य सूचना प्रकाशित भएको मितिले १६ औं दिनभित्र रितपूर्वक रु.१०००।- (एकहजार रुपैया मात्र) यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्तीखाता नं.९६७ मा जम्मा गरी खरीदगर्न सकिनेछ । ABBS भौचर जम्मा गर्ने बोलपत्र/दरभाउपत्रदाताहरुले अस्पतालको खाता रहेको बैक शाखाबाट रुजु/प्रमाणित गरि पेश गर्नुपर्नेछ । अन्यथा मान्यता दिइनेछैन ।

२) बोलपत्र/दरभाउपत्र पेश गर्दा जमानत वापत कबोल अंकको ३% ले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुर शाखामा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र/दरभाउपत्र स्वीकृत भए पछि ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा एक वर्ष म्याद भएको क वर्गको बैकबाट जारी भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

३) खरीद भएको बोलपत्र/दरभाउपत्र सि.नं.१ र १८ सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र र अन्य सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई १) बोलपत्र दस्तुर वापतको बैंक भौचर २) धरौटीको बैंक भौचर वा विडवन्ड, ३) BOQ/TOR ४) कर चुक्ता प्रमाणपत्र ५) फर्म दर्ता प्रमाण पत्र ६) मु.अ.कर दर्ता प्रमाणपत्र मात्र Scan गरी Upload गर्न सकिनेछ साथै अन्य आवश्यक सक्कल कागजातहरु (Hard Copy) तीन दिनभित्र अस्पतालमा बुझाउनु पर्नेछ । Upload भएका बोलपत्रहरु ३१(एकतिसौ) दिनको २:०० वजे र दरभाउपत्र १६ औ दिनको २:०० बजे यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट बोलपत्र दस्तुर वापतको रकम बैक दाखिला गरि १२:०० बजे भित्र नै बोलपत्र E-Tender मार्फत Upload गरि सक्नुपर्नेछ । साथै बोलपत्र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट उक्त कार्य हुनेछ ।

Medical Superintendent

४) बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ।

५) बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको बोलपत्र/दरभाउपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार समयमै संझौता गर्न आउनुपर्नेछ अन्यथा निजको जमानत जफत गरी दोश्रो कमवालासँग संझौता गरिनेछ।

६) सप्लाई गरिने सम्पूर्ण मेशिनरी औजार तथा उपकरणहरु उच्च गुणस्तरको हुनपर्नेछ।

७) बोलपत्र/दरभाउपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ। खरीद गरिने सामान घटी वढी हुन सक्नेछ। घटी वढी परिमाणको लागि बोलपत्र/दरभाउपत्रको दररेटमा कुनै परिवर्तन गरिने छैन।

८) कुनै दरभाउपत्र/वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षीत रहनेछ।

९) आपूर्ति गरिएका मेशिनरी औजार तथा उपकरणहरु निरिक्षण एव परिक्षण गर्दा सम्फौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर वमोजिमका नभए सम्फौता रद्द गरिनेछ।

१०) संझौता गरी मेशिनरी औजार तथा उपकरणहरु सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ।

११) प्रयोगकर्ताको तालिम, वारेण्टी तथा मर्मत सम्भार सम्वन्धमा २ वर्ष सम्म निःशुल्क सेवा उपलब्ध गराउने र आवश्यक स्पेयर पार्टस ५ वर्ष सम्म उपलब्ध गराउने लिखित प्रतिवद्दता पेश गर्नु पर्ने छ।

१२) थप जानकारीको लागि यस अस्पतालको eProcurement शाखामा सर्म्पक राख्न सकिनेछ।

१३) शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र/वोलपत्र उपर कुनै कारवाही हनेछैन। एक फर्म वा सस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट जम्मा गर्न पाईने छैन।

१४) बोलपत्र/दरभाउपत्रदाताले आफू कालोसूचीमा नपरेको भनी स्वयं घोषणा पेश गर्नुपर्नेछ।

१५) बोलपत्र/दरभाउपत्रदाताले BOQ साथ संलग्न रहेको स्पेशिफिकेशन फाराम भरी आधिकारीक छाप र दस्तखत सहितको अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

१६) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ।

| सि.नं. | ठे.नं. | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 1 | १३/०७२/०७३ | **Syringe Pump** | १२५००। | १०००।- | |

Medical Superintendent